## नीति...

### ९९ पदमा ३८४ को उम्मेदवारी

९९ केन्द्रीय सदस्यका लागि ३ सय ८४ जनाले उम्मेदवारी दिएका छन्। मनोनयन दर्तामा कडा व्यवस्था राख्दा पनि यति धेरैको मनोनयन भएको छ। केन्द्रीय सदस्यको मनोनयनका लागि १ प्रस्तावक र २१ जना समर्थक चाहिन्छ। २१ हजार शुल्क बुझाउनुपर्छ। यस्तो व्यवस्था गरिँदा पनि उम्मेदवारको संख्या यति धेरै भएको छ। रास्वपामा नेता बन्न ठूलै हानथाप देखिएको छ।

रास्वपाको विधानअनुसार सभापति र ९९ केन्द्रीय सदस्यको पहिलो चरणमा निर्वाचन हुने व्यवस्था छ। सभापतिमा रवि लामिछाने मंगलबार नै निर्विरोध भइसकेका छन्। उता ९९ केन्द्रीय सदस्य (भूगोल ३५ र खुला ६४) जनाका लागि मतदान हुने व्यवस्था छ। वरिष्ठ नेतामा प्रधानमन्त्री बालेन्द्र शाहको निश्चित नै छ। पहिलो चरणमा निर्वाचन भएका ९९ जनाबाट पदाधिकारीको दोस्रो चरणमा निर्वाचन हुनेछ। १९ पदाधिकारीमध्ये मात्रै ८ जनाको निर्वाचन हुनेछ, जसमा सभापति निर्विरोध भइसकेकाले अब १ महिलासहित २ उपसभापति, १ महामन्त्री र एक महिलासहित ३ सहमहामन्त्रीको निर्वाचन हुनेछ। १ उपसभापति, १ महामन्त्री, २ सहमहामन्त्री, १ कोषाध्यक्ष, २ सहकोषाध्यक्ष, १ प्रवक्ता र ३ सहप्रवक्ताको मनोनयन सभापतिले गर्ने व्यवस्था छ।

वर्तमान विधानअनुसार रास्वपाको पदाधिकारीमा १ सभापति, ३ उपसभापति, २ महामन्त्री, ५ सहमहामन्त्री, १ कोषाध्यक्ष, २ सहकोषाध्यक्ष, १ प्रवक्ता र ३ सहप्रवक्ताको व्यवस्था छ। विधानमा १ सय ५८ जना केन्द्रीय कमिटीको व्यवस्था छ, जसमा ७ जना प्रदेश सभापति पदेन केन्द्रीय सदस्य हुनेछन्। बाँकी १ सय ५१ मा ९९ जना निर्वाचनबाट आउने छन् भने ५१ जना सभापतिले मनोनित गर्ने छन्।

### महामन्त्रीमा आकर्षण

पार्टीको सबैभन्दा शक्तिशाली पद सभापतिमा रवि लामिछाने निर्विरोध निर्वाचित भइसकेपछि अर्को प्रभावशाली पद महामन्त्रीमा धेरै नजर परेको छ। रास्वपाको महामन्त्रीमा आकांक्षी धेरै देखिएका छन्। संस्थापक नेताहरूले महामन्त्रीमा इच्छा जाहेर गरेका छन्। केही नेताले उनीहरू सार्वजनिक रूपमा नै महामन्त्रीको दाबी गरेका छन्।

परराष्ट्रमन्त्री शिशिर खनालदेखि सांसद मनिष झा र गणेश पराजुलीले केन्द्रीय सदस्यमा उम्मेदवारी दर्ता गराई महामन्त्रीको दाबेदारी प्रस्तुत गरेका छन्। झा वर्तमान प्रवक्ता हुन्। पराजुली संसदीय दलका उपनेता छन्। वर्तमान महामन्त्री कवीन्द्र बुर्लाकोटी र सहमहामन्त्री विपिनकुमार आचार्य स्वाभाविक दाबेदार हुन्। उनीहरूले केन्द्रीय सदस्यमा मनोनयन गरेर निर्वाचनमा होमिएका छन्।

वर्तमान उपसभापति एवं अर्थमन्त्री स्वर्णिम वाग्लेलगायतका ९ मन्त्रीले पनि केन्द्रीय सदस्यमा उम्मेदवारी दिएका छन्। वाग्ले पुन: उपसभापतिकै दाबेदार हुन्। कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतम, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठ, परराष्ट्रमन्त्री शिशिर खनाल, शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल, स्वास्थ्यमन्त्री निशा मेहता, कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरी, युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादव र महिला तथा बालबालिकामन्त्री सीता वादीले उम्मेदवारी दिएका छन्। गौतम र श्रेष्ठ पनि उपसभापतिका दाबेदार हुन्। पूर्वउपसभामुख इन्दिरा रानामगर, कोषाध्यक्ष लिमा अधिकारी र विवेकशील अभियानबाट आएकी समीक्षा बाँस्कोटाले पनि उपसभापतिमा नै दाबी गरेका छन् भने खनालले महामन्त्रीमा उम्मेदवारी नै घोषणा गरिसकेका छन्।

### बालेन, सुनील, शाह र गुरुङले गरेनन् मनोनयन

प्रधानमन्त्री वालेन्द्र शाह, भौतिक पूर्वाधारमन्त्री सुनील लम्साल, गृहमन्त्री सुधन गुरुङ, भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावल, सूचना तथा सञ्चारमन्त्री विक्रम तिमल्सिना, पर्यटन तथा नागरिक उड्डयन मन्त्री खडकराज पौडेल (गणेश) र उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले भने केन्द्रीय सदस्यमा उम्मेदवारी दिएका छैनन्। वर्तमान महामन्त्री भूपदेव शाहले पनि उम्मेदवारी दिएका छैनन्।

लम्साल, शाह र गुरुङ बालेन पक्षीय नेता हुन्। ५१ जना केन्द्रीय सदस्य सभापतिले मनोनीत गर्ने व्यवस्था छ, त्यसैमा मनोनीत भएर उनीहरू आउने सम्भावना छ। प्रधानमन्त्री बालेनका लागि वरिष्ठ नेताको नयाँ पद नै सिर्जना गरिएको छ। वर्तमान महामन्त्री शाह पुन: मनोनीत महामन्त्रीमा दोहोरिने सम्भावना छ। उपसभापतिमा सुनील लम्साल सोझै मनोनीत हुने चर्चा छ। गृहमन्त्री सुधन गुरुङ पनि आकर्षक पदाधिकारीमा मनोनीत हुनेछन्। अन्यलाई केन्द्रीय सदस्यमा मनोनयन गरेर व्यवस्थापन गर्ने देखिन्छ।

### मतदान नै नगरी काठमाडौं फर्किए प्रधानमन्त्री

प्रधानमन्त्री वालेन्द्र शाह मतदानमा सहभागी नभई काठमाडौं फर्किएका छन्। उद्घाटनको दिन असार ७ गते गएका प्रधानमन्त्री बालेन १० गते फर्किएका हुन्। प्रधानमन्त्री परिवारका सदस्यसहित फर्किएका छन्। प्रवक्ता मनिष झाले धेरै काम हुने भएकाले फर्किएको प्रतिक्रिया दिए।


# मातृभूमि लघुवित्त वित्तीय संस्था लि.
## Matribhumi Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था (राष्ट्रियस्तर कार्यक्षेत्र भएको)

केन्द्रिय कार्यालय लम्की–४, कैलाली (कर्पोरेट कार्यालय, बुढानिलकण्ठ–७, काठमाडौं)

## सातौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८३/०३/११ गते बिहीवार**

**श्री शेयरधनी महानुभावहरु,**

यस संस्थाको मिति २०८३ असार १० गते बुधबार (तदनुसार २४ जुन, २०२६) मा सम्पन्न सञ्चालक समितिको १८५ औं बैठकको निर्णय बमोजिम संस्थाको सातौ वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति : २०८३ असार ३२ गते बिहीबार (तदनुसार १६ जुलाई, २०२६)**

**समय : बिहान १०:०० बजे**

**स्थान : केन्द्रीय कार्यालय, लम्की, कैलाली**

**छलफल तथा निर्णयका लागि प्रस्तावित विषयसूचिहरू :**

**(क) सामान्य प्रस्ताव :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ असार मसान्तको वासलात तथा आ.व.२०८१/८२ को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचिहरु छलफल गरी स्वीकृत गर्ने ।

(३) वित्तीय संस्थाको लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम आ.व. २०८२/८३ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

(१) सर्वसाधारणमा थप सार्वजनिक निष्काशन (Further Public Offering) गर्ने ।

(२) मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेडको पूँजी बृद्धि योजना अर्न्तगत FPO निष्काशन पश्चात् कायम हुने चुक्ता पूँजीको १:१ को अनुपातमा प्रति कित्ता रु. १००/– (एक सय रुपैयाँ) का दरले हकप्रद शेयर (Right Share) निष्कासन गर्ने प्रस्ताव पारित गर्ने ।

(३) मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेडले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थालाई गाभ्ने/गाभिने (Merger) वा प्राप्ति (Acquisition) गर्ने प्रयोजनको लागि उपयुक्त लघुवित्त संस्था पहिचान गर्ने, संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्यांकन (Due Diligence Audit) गर्न मान्यता प्राप्त मूल्यांकनकर्ता नियुक्त गरी पारिश्रमिक तोक्न तथा सहमतिपत्रमा हस्ताक्षर गर्ने तथा यस सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

४) नेपाल राष्ट्र बैक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्टारको कार्यालय लगायत अन्य नियमनकारी निकायहरुबाट स्वीकृती लिने, अभिलेख गर्ने, प्रबन्धपत्र तथा नियमावलीमा कुनै बिषयमा संशोधन एवं परिर्वतन गर्ने निर्देशन भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगाएतका अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियार प्रदान गर्ने ।

(५) जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको स्थायी लेखा नम्बर (PAN) स्थगनको लागि वित्तीय विवरणहरु माथि राय पेश गर्न लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ग) विविध:**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी सामान्य जानकारी:**

(१) शेयरधनी दर्ता किताब बन्द रहने: वित्तीय संस्थाको सातौं वार्षिक साधारण सभा प्रयोजनको मिति २०८३/०३/२३ गते मंगलबार शेयर दाखिल खारेज दर्ता कार्य बन्द (बुक क्लोज) रहनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८३/०३/२२ गते सोमबार सम्म कारोवार भई प्रचलित कानुन अनुसार तोकिएको समयावधि भित्रमा यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री कुमारी क्यापिटल लिमिटेड नागपोखरी काठमाडौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन योग्य हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

(२) सातौ बार्षिक साधारण सभामा वोनस तथा लाभांश वितरण नगर्ने ।

(३) साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावले आफ्नो हितग्राही परिचय पत्र नं. वा आफ्नो परिचय खुल्ने कुनै आधिकारिक परिचय पत्र तथा संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाबाट प्रतिनिधि नियुक्त गरेको आधिकारिक पत्र लिई आउनु पर्ने छ ।

(४) लेखापरीक्षकको प्रतिवेदन सहित संस्थाको वार्षिक वित्तीय विवरण, सञ्चालक समितिको प्रतिवेदन, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन समेतका कागजातहरु संस्थाको केन्द्रीय कार्यालय लम्कीचुहा-४, कैलाली, कर्पोरेट कार्यालय बुढानिलकण्ठ–७, काठमाडौं र शेयर रजिष्ट्रार श्री कुमारी क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा कार्यालय समय भित्र निरीक्षण गर्न तथा त्यसको प्रतिलिपि माग गरेमा प्रतिलिपि दिने व्यवस्था मिलाईएको छ । वार्षिक प्रतिवेदनको प्रति संस्थाको वेबसाइट http://www.matribhumimf.com.np मा समेत उपलब्ध हुनेछ । कुनै कारणवस प्रतिवेदन प्राप्त नगर्नु हुने शेयरधनी महानुभाबहरुले सभा हुने दिन सभास्थलबाट समेत प्राप्त गर्न सक्नु हुनेछ ।

(५) साधारण सभामा भाग लिने प्रत्येक महानुभावले सभा हुने स्थानमा उपस्थित भई तहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका बिहान ९:०० बजे देखि सभा चालु रहेसम्म खुल्ला रहनेछ ।

(६) सभामा भाग लिनका लागि प्रतिनिधि (Proxy) नियुक्त गर्न चाहेमा शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकिएको ढाँचामा यस संस्थाको शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नेछ । यसरी प्रतिनिधि तोकेको निवेदन सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै संस्थाको केन्द्रीय कार्यालय/कर्पोरेट कार्यालय वा श्री कुमारी क्यापिटल लिमिटेड नागपोखरी, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ ।

(७) प्रोक्सी नियुक्त गरिसकेको शेयरधनी स्वयं साधारण सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा नियुक्त प्रोक्सी स्वत: बदर हुनेछ ।

(८) कुनै संगठित संस्था वा कम्पनीको प्रतिनिधिले निज संस्थाको शेयरधनी नभए पनि शेयरधनीको हैसियतले सभामा भाग लिन सक्नेछ । यसरी प्रतिनिधि पठाउँदा सभा हुनु भन्दा कम्तीमा २४ घण्टा अगावै यस संस्थाको केन्द्रीय/कर्पोरेट कार्यालयमा लिखित जानकारी गराउने पर्नेछ ।

(९) एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (Proxy) मुकरर गरेमा प्रतिनिधि (Proxy) स्वत: बदर हुनेछ । तर प्रतिनिधि (Proxy) दिने शेयरधनीले आफूले अघि दिएको प्रतिनिधि (Proxy) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (Proxy) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (Proxy) ले सभामा भाग लिन पाउने छ, यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि (Proxy) स्वत: बदर भएको मानिनेछ ।

(१०) प्रतिनिधी मुकरर गर्दा केही शेयर आफैसंग बाँकी राखी आफु समेत साधारण सभामा उपस्थित हुन पाउने किसिमले आंशिक शेयरको प्रतिनिधि मुकरर गर्न पाइने छैन । सबै शेयरका लागि एकै व्यक्तिलाई प्रतिनिधि मुकरर गर्नु पर्दछ ।

(११) एक भन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता भएको अवस्थामा सर्वसम्मतबाट चयन भएको एक जना प्रतिनिधिले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको ब्यक्तिले सभामा भाग लिन पाउनेछ ।

(१२) नाबालक शेयरधनीहरुको तर्फबाट शेयरधनीको दर्ता किताबमा उल्लिखित संरक्षकले सभामा भाग लिन, प्रतिनिधि तोक्न तथा मत दिन समेत सक्नेछ ।

(१३) साधारण सभामा कुनै छलफलको बिषय अर्न्तगत छलफल गर्नु परेमा कुल शेयर पूँजीको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनी महानुभावहरुले स्वीकृत दिएमा बाहेक सभाको सूचनामा उल्लेख नभएको प्रस्ताव उपर सभामा छलफल र निर्णय गरिने छैन ।

(१४) साधारण सभा सम्बन्धी काम कार्यवाही कम्पनी ऐन, २०६३, नियमावली २०७५ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

(१५) अन्य थप जानकारीको लागि वित्तीय संस्थाको कर्पोरेट कार्यालय, बुढानिलकण्ठ–७, काठमाडौं, फोन ०१–४३७२२७४ मा सम्पर्क राख्नु हुन वा वित्तीय संस्थाको वेवसाइट http://www.matribhumimf.com.np हेर्नु हुन अनुरोध गर्दछौं ।



# धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ७ दिने सूचना

प्रकाशित मिति : २०८३/०३/११ गते

यस माछापुच्छ्रे बैंक लि. उर्लावारी शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०८१/१०/१५ गतेको आर्थिक राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु ०८ (आठौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, शेयरधनी/सञ्चालक/प्रोप्राइटर/तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, शेयरधनी/सञ्चालक/प्रोप्राइटर/ सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत विशेष अनुरोध गरिएको छ ।

**तपसिल**

**ऋणीको नाम, ठेगाना**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता कायम रहेको **ताँबे बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. ।**

दर्ता नं. १८०५६७/०७४/०७५, दर्ता मिति : २०७४/०९/११, पान नं. ६०६८२१६०७, दर्ता मिति : २०७४/०९/११

ठेगना : रामेछाप जिल्ला, मन्थली न.पा. वाड नं. १२

**संचालक/शेयरधनीहरु : जित बहादुर खड्का, हिमाल महत, थलिन्द्र बहादुर भुजेल र कृष्ण प्रसाद घिमिरे**

**व्यक्तिगत जमानतकर्ताहरू**

| | |
|---|---|
| **१. रमा भट्टराई**<br>ना.प्र.नं. ५९३५४, जि.प्र.का. काठमाडौं<br>जारी मिति : २०५८/०४/०७<br>पति : कृष्ण प्रसाद घिमिरे, ससुरा : गुणनीधि घिमिरे<br>ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १ | **२. जित बहादुर खड्का**<br>ना.प्र.नं. ५५३४१-२११०३५, जि.प्र.का. रामेछाप<br>जारी मिति : २०५९/०४/१६<br>बाबु : प्रेम बहादुर खड्का, बाजे : भक्त बहादुर खड्का<br>ठेगाना : रामेछाप जिल्ला, गेलु गा.वि.स./न.पा. वडा नं. १ |
| **३. हिमाल महत**<br>ना.प्र.नं. ६४६३३, जि.प्र.का. रामेछाप<br>जारी मिति : २०६०/१०/१५<br>बाबु : तुलसी बहादुर महत, बाजे : बम बहादुर महत<br>ठेगाना : रामेछाप जिल्ला, विजुलीकोट गा.वि.स./न.पा. वडा नं. ४ | **४. थलिन्द्र बहादुर भुजेल**<br>ना.प्र.नं. ५७५७७, जि.प्र.का. रामेछाप<br>जारी मिति : २०५९/०८/१८<br>बाबु : डम्वर बहादुर भुजेल, बाजे : बुद्धी बहादुर भुजेल<br>ठेगाना : रामेछाप जिल्ला, लिखु तामाकोशी न.पा. वडा नं. ६ |

**५. कृष्ण प्रसाद घिमिरे**

ना.प्र.नं. ६८९९/८९६६, जि.प्र.का. काठमाडौं, जारी मिति : २०४६/०२/२७

बाबु : गुणनीधि घिमिरे, बाजे : ऋषिराम घिमिरे

ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १

**धितोमा रहेको सम्पत्तिको विवरण**

१. ऋषिराम घिमिरेको नाति, गुणनीधि घिमिरेको छोरा, काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १ बस्ने कृष्ण प्रसाद घिमिरेको नाममा भूमी प्रशासन कार्यालय बेलबारी, मोरङमा दर्ता कायम रहेको मोरङ जिल्ला, राजघाट गा.वि.स. वडा नं. ६ ङ स्थित कि.नं. ५९२ को क्षेत्रफल ०-१३-०-० (वि.क.धु.क.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।

२. धनी यस माछापुच्छ्रे बैंक लिमिटेड र ऋणी ताँबे बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. को नाममा दर्ता कायम भएको निम्न बमोजिमको सवारी साधन :

– सवारी मोडल : SWE220E hydraulic excavator SUNWARD, दर्ता नं. बा ३ क १६९५
ईन्जिन नं. 375071, च्यासिस नं. 363050301458, सवारी रङ्ग : हरीयो

३. ऋणी ताँबे बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. ले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरू**

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ ।

२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ । म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ । सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ ।

४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।

५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने बराबर धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक/"क" वर्गको बैंकबाट जारी गरिएको बैंक जमानत समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ ।

६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ । उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ ।

७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।

८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ । लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ ।

९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ ।

१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/विजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ ।

११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ । धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन ।

१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन । साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन ।

१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ । साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**पुनश्च :** उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैंले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरवाजुर गर्न पाउनुहुने छैन ।

| बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान : | बोलपत्र खोलिने मिति, समय र स्थान : |
|---|---|
| २०८३/०३/१७ बुधबार कार्यालय समय सम्म<br>शाखा कार्यालय, उर्लावारी | २०८३/०३/१८ बिहीबार दिनको ३:३० बजे<br>शाखा कार्यालय, उर्लावारी |

**माछापुच्छ्रे बैंक**

सबल, उत्कृष्ट एवं विस्तारित

शाखा कार्यालय, उर्लावारी


## किसानलाई मौरीसहितको घार



**नुवाकोट** (अन्नपूर्ण) : नुवाकोटको बिदुरमा सहकारीकर्मी किसानहरूलाई व्यावसायिक मौरीपालन तालिम प्रदान गरिएको छ। तालिमपश्चात् किसानहरूलाई मौरीसहितको घार प्रदान गरिएको छ।

बिदुर नगरपालिका कार्यालयले १३ वटै वडाबाट सहकारी संस्थामार्फत छनौट भएका सहकारीकर्मी किसानहरूलाई ५ दिनको मौरीपालन तालिम प्रदान गरेको हो। तालिमपश्चात् उनीहरूलाई एक/एकवटा मौरीसहितको घार प्रदान गरिएको छ। किसानहरूलाई मेयर राजन श्रेष्ठ, उपमेयर प्रभा बोगटीलगायतले मौरीसहितको घार हस्तान्तरण गरेका हुन्। सहभागीहरूले सिकेको सीपलाई आतमनिर्भरताका लागि व्यवहारमा उतार्न मेयर श्रेष्ठले आग्रह गरे।

उपमेयर प्रभा बोगटीले मौरीपालन सीप विशेष र महत्वपूर्ण व्यवसाय भएका कारण यसको महको महत्व झनै महत्वपूर्ण रहेको समेत बताए। ४५ जना सहभागीहरूलाई मौरीपालक किसान ध्रुवप्रसाद सापकोटाले प्रशिक्षण दिएका थिए।

## रास्वपा...

तर, रास्वपाको यस प्रस्तावले गम्भीर संवैधानिक तथा राजनीतिक चुनौतीहरू खडा गरेको आरोप लागेको छ।

संविधानको धारा २७४ अनुसार प्रदेशको अधिकार, सिमाना वा संघीय संरचनालाई असर गर्ने कुनै पनि संशोधनका लागि संघीय संसद्का दुवै सदनमा दुईतिहाइ बहुमत र सम्बन्धित प्रदेशसभाहरूको स्वीकृति आवश्यक हुन्छ। संवैधानिक विज्ञहरूका अनुसार प्रदेशसभाहरू खारेज गर्नु सामान्य संशोधनभन्दा धेरै परको विषय रहेको र यसले संविधान पुनर्लेखनकै अवस्था सिर्जना गर्न सक्नेछ; किनभने प्रदेश संसद्हरू २०७२ सालको संविधानले स्थापना गरेको संघीय व्यवस्थाको मूल आधारस्तम्भ हुन्।

रास्वपाको प्रस्तावप्रति प्रमुख राजनीतिक दलहरूले असहमति जनाएका छन्। जनमत पार्टीका अध्यक्ष सीके राउतले रास्वपाको प्रस्तावको कडा आलोचना नै गरेका छन्। उनले प्रत्येक दललाई आफ्नो एजेन्डा अघि बढाउने स्वतन्त्रता भए पनि प्रदेश सरकार सुदृढ गर्ने वाचा गरेर चुनाव जितेपछि प्रदेशसभा खारेज गर्ने प्रस्ताव ल्याउनु राजनीतिक बेइमानी रहेको बताएका छन्। 'भोट माग्ने बेलामा मधेशिया छौडा बन्ने, कुर्ता गम्छा लगाउने, मधेशी भाषामा सम्बोधन गर्ने, प्रदेशलाई बलगर (बलियो) बनाउँछु र अधिकार माग्न काठमाडौँ जानु पर्दैन भन्ने, अनि त्यही वाचाको आधारमा क्लिन स्वीप गर्ने,' डा. राउतले सामाजिक सञ्जालमा लेखेका छन्, 'देशभरिमा झन्डै दुईतिहाइ बहुमत ल्याउने, तराई मधेसका २१ जिल्लाका ७८ सिटमध्ये ७४ सिट जित्ने अनि अहिले आएर प्रदेशसभा खारेज गर्ने एजेन्डा पारित गर्न लगाउनु राजनीतिक बेइमानी हो, जनतासँग धोका हो, खोलो तर्‍यो लौरो बिर्सियो भन्ने उखानको चरितार्थ हो।'

रास्वपाले ल्याएको यस प्रस्तावप्रति पार्टीभित्रै मधेश प्रदेशका नेता तथा कार्यकर्ताहरूबीच मतभेद देखिएको छ। पार्टीका केही नेताहरूले संस्थागत सुधार आवश्यक भए पनि प्रदेशसभा नै खारेज गर्नु न त राजनीतिक रूपमा स्वीकार्य हुने न त पार्टीले विगतमा गरेका प्रतिबद्धतासँग मेल खाने धारणासमेत राखेका छन्।

प्रतिनिधिसभा सदस्य तथा मधेस प्रदेशसभाका पूर्वसदस्य रहबर अन्सारी प्रदेश संरचना सुधार्नुपर्ने भए पनि त्यसलाई समाप्त गर्नु उपयुक्त नहुने बताउँछन्। 'प्रदेशका थुप्रै विषयहरूमा जटिलता उत्पन्न भइरहेको हुँदा यसलाई पुनर्संरचना गर्नुपर्ने हो कि भन्ने कुरा प्रमुख हो, यसलाई खारेजै गर्ने विषय अतिरञ्जित भएको हो जस्तो लाग्छ,' अन्सारीले अन्नपूर्णसँग कुरा गर्दै भने, 'संघीयताको अवधारणा र प्रदेशको विषयमा पार्टी स्पष्ट छ।

तर, थुप्रै छलफल तथा बहसमा प्रदेशको कामै छैन भन्ने खालको कुरा आइरहन्छ। यसको अर्थ प्रदेश खारेजै गर्नुपर्ने भन्दा पनि यसलाई अझ परिमार्जित गरेर बलियो कसरी बनाउने भन्नेतर्फ पार्टी केन्द्रित हुनुपर्छ।'

जनकपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष तथा रास्वपाका धनुषा जिल्लाका नेता जितेन्द्र महासेठले यो प्रस्ताव कसरी राजनीतिक दस्तावेजमा समावेश भयो भन्नेबारे धेरै सदस्यहरू अझै अन्योलमा रहेको बताए। उनले बन्दसत्रमै यसको विरोध भएको उल्लेख गर्दै यदि औपचारिक रूपमा पारित गरियो भने यसको सबैभन्दा कडा विरोध मधेस प्रदेशमै हुने चेतावनीसमेत दिएका छन्।

यता, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले संघीयता सुदृढ गर्ने प्रतिबद्धता रास्वपाले कार्यान्वयन नगरे सरकारविरुद्ध देशव्यापी आन्दोलनमा जाने चेतावनीसमेत दिएका छन्। मंगलबार जनकपुरमा आयोजित एक कार्यक्रममा बोल्दै नेता यादवले वर्तमान सरकारले जसपा नेपालले अघि सारेकै धेरै नीतिगत प्राथमिकताहरू अपनाए पनि अर्थपूर्ण संवैधानिक सुधार गर्न नसकेको आरोप लगाए।

रास्वपाकै शुभेच्छुक तथा समानुपातिक उम्मेदवारसमेत भइसकेका युवा अभियन्ता देवनारायण मण्डल नेपालको संघीय संरचनामा प्रदेशसभा खारेज गर्ने प्रस्तावले संघीयताको आधारभूत मर्म र संरचनामै गम्भीर प्रभाव पार्न सक्ने बताउँछन्। यसको असर सकारात्मक र नकारात्मक दुवै हुन सक्ने विश्लेषण गर्दै मण्डलले यसले पहिलो त संघीयताको आधार कमजोर हुने, दोस्रो शक्ति पुन: केन्द्रीकरण हुने, क्षेत्रीय प्रतिनिधित्व घट्ने, पहिचान र समावेशिताको मुद्दामा असर पर्ने र संवैधानिक संशोधनको जटिलता खडा हुने बताउँछन्।

५ माघ २०८२ मा जनकपुरबाट प्रतिनिधिसभाको चुनावी अभियान घोषणाको क्रममा प्रधानमन्त्री वालेन्द्र शाहले मैथिली भाषामै प्रदेशलाई अझ बलियो बनाउनुपर्ने बताएका थिए। 'प्रदेशको काम एउटा वडामा गएर ५० हजारको धारा जोड्ने मात्र होइन, कम्तीमा तीन-चारवटा पालिकालाई जोड्ने हुनुपर्छ,' उनले भनेका थिए, 'आज जनकपुरको प्रमुख प्रशासकीय अधिकृत फेर्नुपर्दा काठमाडौं किन जानुपर्ने, जनकपुर त प्रदेशको राजधानी होइन र ? प्रदेशलाई यति बलियो बनाउनुपर्छ कि काठमाडौं जानै नपरोस्, सबै व्यवस्था यहीँ होस्। काठमाडौं त केवल पशुपतिनाथ र स्वयम्भूको दर्शन गर्न र घुम्न जाने ठाउँ बनोस्, अधिकार माग्न जाने ठाउँ होइन।'